# आदिवासी जनजाति आयोग
**Indigenous Nationalities Commission**

अध्यक्ष

Chairperson


## प्रेस विज्ञप्ति

यही भाद्र २३ र २४ गते भएको जेन. जी. समूहको शान्तिपूर्ण आन्दोलन अचानक हिंसात्मक रूपमा परिणत हुँदा अकल्पनीय घटना घट्यो जसले गर्दा सत्तरी जना भन्दा बढीको मृत्यू र हजारौं घाईते भई देशले अपुरणीय मानवीय तथा भौतिक क्षति व्यहोर्नु पर्‍यो । आन्दोलनमा मृत्यूहुने सबैप्रति आदिवासी जनजाति आयोग हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछ र शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना तथा घाइतेहरूप्रति शीघ्र स्वास्थ्यलाभको कामना व्यक्त गर्दछ ।

देश अहिले सङ्क्रमणकालिन अवस्थाबाट गुज्रिरहेको छ । सङ्क्रमणकालिन समय व्यवस्थापनको लागि सम्माननीय राष्ट्रपतिज्यूबाट अन्तरिम सरकारको गठन र आगामी फाल्गुन २१ गते प्रतिनिधिसभा निर्वाचनको मितिसमेत घोषणा भइसकेको छ । यो नयाँ परिस्थितिमा आदिवासी जनजातिले विगत लामो समयदेखि आफ्नो हक अधिकार र राज्य व्यवस्थामा पहुँच र प्रतिनिधित्वको लागि गरेको सङ्घर्ष र बलिदानलाई आत्मसाथ गर्दै आदिवासी जनजाति समुदायको हक अधिकारलाई विशेष ध्यानमा राखि उनीहरूको पहुँच र प्रतिनिधित्वको अधिकार हनन् नहुने गरी अब गठन हुने मन्त्रिमण्डलमा आदिवासी जनजातिको समानुपातिक सहभागिताको अधिकार सुनिश्चित गर्न, गराउन आयोग सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यू र नवनियुक्त सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीज्यूसमक्ष हार्दिक अनुरोध गर्दछ ।

भौतिक विज्ञानको नियम अनुसार हरेक द्वन्द्व र सङ्घर्षले नयाँ परिणाम ल्याउँछ । तर, परिवर्तनको परिणाम राजनीति र समाज विज्ञानमा सधै र सबैतिर सुखद् नहुन सक्छ । यसमा मानव समुदायले सकारात्मक परिणामको लागि हरदम परिवर्तनको राम्रो व्यवस्थापन गर्न आवश्यक पर्ने पाठ विश्व इतिहासले सिकाएको छ । यसर्थ, संक्रमणकालको राम्रो व्यवस्थापनमा हरदम प्रयासरत रहनु पर्दछ । यो समयमा आदिवासी जनजाति हक अधिकार संरक्षण, सम्वर्धन र प्रवर्धनको लागि सरकार क्रियाशिल होस् भन्ने आयोगले चाहेको छ । आदिवासी जनजाति समुदायले हाल प्राप्त गरेको पहुँच र प्रतिनिधित्वको अधिकार त्यसै आएको होइन यसमा हाम्रा पूर्वज र अग्रजको ठूलो बलिदानी र सङ्घर्ष रहेको छ । यो सङ्क्रमणकाललाई कुशलतापूर्वक व्यवस्थापन गर्ने अभिन्न अंग बन्दै आफ्नो समुदायको आदिवासी जनजाति मानव अधिकार संरक्षण र बाँकी थप उपलब्धि हासिल गर्नको लागि सरकार र सम्बन्धित निकायसँग समन्वय गरी निरन्तर अगाडि बढ्न स्वदेश र विदेशमा रहनु भएका आदिवासी जनजाति समुदाय र ती समुदायसँग सम्बन्धित सङ्घ सङ्गठनका प्रतिनिधिहरूलाई यो समयमा जागरूक मात्रै होइन क्रियाशिल रहन सम्बन्धित सबैमा आयोग हार्दिक अपिल गर्दछ । धन्यवाद ।

(रामबहादुर थापामगर)

२९ भाद्र २०८२, पुल्चोक, ललितपुर ।


पुल्चोक, ललितपुर, नेपाल, फोनः (+९७७) -१-५५२४७८८, ५५२४४२४, Email: inc.gov.np@gmail.com, Website: www.inc.gov.np